दैनिक
लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २९७ | बुटवल | २०८१ कार्तिक १४, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday Oct. 30, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# प्रदेश सांसद बादशाह आरोपित घटनामा पीडित पक्षसँग तीन बुँदे सहमति

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपालगञ्जकी निर्मला कुर्मी बेपत्ता प्रकरणमा रुबी खानसहितको समूहसँग गृह मन्त्रालयले तीन बुँदे सहमति गरेको छ । निर्मला बेपत्ता प्रकरणमा लुम्बिनी प्रदेशसभा सदस्य बादशाह कुर्मी जोडिएका छन् । निर्मलालाई बेपत्ता र अपहरण गरेको आरोपमा चौतर्फी आलोचना र विरोध भएपछि प्रदेश सरकारको वनमन्त्रीमा नियुक्त भएका बादशाह केही समयमै पदबाट राजीनामा दिन बाध्य भएका थिए ।

मंगलबार दिउँसो अधिकारकर्मीहरुसँग भएको छलफलपछि सहमतिका बुँदाहरु टुंगो लागेको थियो । त्यसपछि माइतीघर मण्डलस्थित प्रदर्शनस्थलमै पुगेर मन्त्रालयका उपसचिव दिलकुमार तामाङले आन्दोलनको नेतृत्वकर्ता रुबी खानसँग सहमतिमा हस्ताक्षर गरेका हुन् ।

सहमतिमा गृहमन्त्रालयका उपसचिव दिलकुमार तामाङ र रुबी खानले हस्ताक्षर गरेका छन् । सहमतिमा हस्ताक्षर हुँदा राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य मोहना अन्सारी अधिकारकर्मी विजयबाबु शिवाकोटी, मोहम्मद शेर बागवान, वसन्त रन्जितकार र मनकुमारी गुरताल साक्षी बसेका छन् ।

सहमतिअनुसार कुर्मी प्रकरणको शीघ्र निरुपणका लागि प्रहरी प्रधान कार्यालयमार्फत जिल्ला प्रहरी कार्यालय, बाँकेलाई लेखी पठाउने निर्णय भएको छ । निर्मला कुर्मी बेपत्ता प्रकरणमा अनुसन्धानको विषयलाई लिएर सरकारले खानसँग यसअघि चार पटक सहमति गरिसकेको छ । तर, अदालतसम्म मुद्दा नपुऱ्याएको भन्दै उनीहरु फेरि आन्दोलित भएका थिए ।

अहिलेको सहमतिमा पनि मुद्दा अदालत लैजानेबारे उल्लेख त छैन । तर, मन्त्रालयका अधिकारीहरुको आश्वसन र बाँके प्रहरीलाई थप निर्देशन पठाउने भनिएपछि आन्दोलनरत पक्ष सहमति गर्न तयार भएको हो ।

खानसहितको समूहले विगतमा यो मामलाको अनुसन्धानमा संलग्नलाई हटाइएको भन्दै असन्तुष्टि समेत जनाएका थिए । सहमतिमा यो विषयलाई भने सम्बोधन गरिएको छ । 'विगतमा अनुसन्धानमा संलग्न प्रहरी कर्मचारीहरुलाई थप अनुसन्धानको लागि आवश्यकता अनुसार प्रहरी प्रधान कार्यालयले तत्काल काजमा खटाउने' सहमतिमा भनिएको छ ।

सहमतिको दोस्रो बुँदामा आन्दोलनरत पक्ष र उनीहरुको परिवारको सुरक्षा व्यवस्था मिलाउन प्रहरी प्रधान कार्यालय र जिल्ला प्रशासन कार्यालय, बाँकेलाई लेखी पठाउने भनिएको छ । तेस्रो बुँदामा अधिकारकर्मीहरुको आन्दोलन स्थगित गर्ने विषय उल्लेख छ ।

अधिकारकर्मीहरुले कुर्मी बेपत्ता प्रकरणमा कांग्रेस लुम्बिनी प्रदेश सांसद् बादशाह कुर्मी संलग्न रहेको बताउँदै आएका छन् । गृह मन्त्रालयले बनाएको जाँचबुझ समितिले पनि उनको भूमिका शंकास्पद रहेको भनेको छ । तर, प्रहरीले अनुसन्धानमा गम्भीरता नदेखाएको भन्दै अधिकारकर्मीहरु असन्तुष्ट थिए । कुर्मी गृह मन्त्रालयद्वारा २०७८ कात्तिक २ गते सहसचिव हिरालाल रेग्मीको संयोजकत्वमा गठित छानबिन समितिले अनुसन्धान गर्न सिफारिस गरेका ८ जनामध्येका एक हुन् ।



उनी प्रदेशसभाको उम्मेदवार बन्ने बेलामा पनि विरोध भएको थियो । तर, कांग्रेस-माओवादीको गठबन्धनबाट उनी बाँकेको निर्वाचन क्षेत्र नं. ३(२)बाट निर्वाचित भएका थिए ।

नेपालगन्ज-१७ परस्पुरकी निर्मलाको शंकास्पद मृत्यु र सम्पत्ति हड्प्नुमा बादशाह कुर्मीको संलग्नता रहेको भन्दै बाँकेकै अधिकारकर्मी रुवी खानले निरन्तर आन्दोलन गर्दै आइरहेकी छन् । राजनीतिक दलको आडमा अनुसन्धान नगरिएको भन्दै २०७८ सालमा खानसहित बाँकेका १४ जना तीन साता पैदल यात्रा गर्दै काठमाडौं पुगेर माइतीघर मण्डलमा आन्दोलन र धर्ना दिएका थिए । उनीहरूको आन्दोलनमा मानवअधिकारकर्मी, पेशाकर्मी, बुद्धिजीवीलगायतले ऐक्यबद्धता जनाएपछि गृह मन्त्रालयले सहसचिव रेग्मीको नेतृत्वमा छनबिन समिति गठन गरेको थियो ।

सरकारले २०७८ असोजमा गठन गरेको छानबिन समितिले कात्तिक १४ गते बादशाहसहित विभिन्न ८ जनाविरुद्ध अनुसन्धान गर्न सिफारिस गरेको प्रतिवेदन तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणलाई बुझाएको थियो । प्रतिवेदन बुझाएपछि अनुसन्धान हुने विश्वासमा आन्दोलनकर्मीले आन्दोलनका कार्यक्रम फिर्ता ल्याएका थिए । तर, आरोपित कुर्मीमाथि प्रहरी अनुसन्धान नै सुरु नगरेको र उल्टै २०७९ मंसिरमा कांग्रेसबाट प्रदेशसभा निर्वाचनमा उम्मेदवार बनाएर विजयी गराएको अधिकारकर्मी रुबी खानको गुनासो छ ।

२०६६ कात्तिकमा निर्मलाका श्रीमान महालु कुर्मीको कालगतिले मृत्यु भएको थियो । त्यसपछि दुई छोरा १८ वर्षका रामसागर र १४ वर्षका सुरेशसँगै बस्दै आएकी निर्मला दुई छोराको पनि २०६८ मा २ साताकै अन्तरमा मृत्यु भएपछि सहाराविहीन बनेकी थिइन् । त्यसपछि निर्मलाको घर र ४ बिघा जग्गा हडप्न गिरोह नै सक्रिय भएको थियो । निर्मलाले आफू असुरक्षित भएको भन्दै २०६८ असोज ३० गते जिल्ला प्रशासनमा उजुरी दिएकी थिइन् । प्रहरीले उजुरीको सुनुवाइ नगरेको र २०७५ सालपछि उनी एकाएक गाउँबाट सम्पर्कविहीन बनेकी थिइन् । २०७६ चैत १४ गते उनको भारतमा मृत्यु भएको शंकास्पद सूचना प्रहरीसमक्ष पुगेपछि उनको हत्या गरिएको आशंका समाजमै भएको थियो ।

त्यसपछि स्थानीयको दबाबपछि २०७७ चैत २० गते अधिकारकर्मी खानसहितका स्थानीयले कांग्रेस नेता बादशाह कुर्मीसहित रमेश थापा, पार्वती विष्ट, कृष्णमुरारी सिंह, कुँवर बबनसिंह ठकुरी, उर्मीला कनोजिया, अमरलाल कुर्मी र धीरेन्द्र सिंह गरी ८ जनाविरुद्ध जिल्ला प्रहरी कार्यालय बाँकेमा जाहेरी परेको थियो । त्यही जाहेरीका आधारमा गृह मन्त्रालयले गरेको छानबिनपछि कुर्मीसहितका ८ जनामाथि अनुसन्धान गर्नु पर्ने प्रतिवदेन तयार भएर सिफारिस भए पनि उनीमाथि अनुसन्धान र कारबाही हुनसकेको थिएन । उल्टै दण्डहीनतालाई मलजल पुग्ने गरी सांसद र मन्त्री बनाएको भन्दै निर्मलाको न्यायका लागि लडेकोमा सहमति भएपछि न्याय पाउने आशा पलाएको खानले बताइन् ।

## ५० लाख मूल्यको तीस तोला सुनसहित दुईजना पक्राउ

बुटवल । कृष्णनगरबाट काठमाडौं जाँदै गरेको एउटा बसलाई बुटवलको रामनगरमा मंगलबार साँझ खानतलासी गरी प्रहरीले ३० तोला सुनसहित दुई व्यक्तिलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख एसपी रञ्जितसिंह राठौरका अनुसार, लु २ ख ६५४२ नम्बरको बसमा खानतलासी गरी प्रहरीले सुनसहित कपिलवस्तु जिल्ला वाणगंगा नगरपालिका वडा नम्बर ८ का अकबर अलि मिया र वाणगंगा नगरपालिका वडा नम्बर ७ का अर्घाखाँची सुनचाँदी पसलका सन्तोष सुनारलाई पक्राउ गरेको हो । पक्राउ परेको सुनको मूल्य ४९ लाख ५४ हजार ८ सय रुपैयाँको भएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका एसपी राठौरले जानकारी दिए ।

पक्राउ परेका दुई अभियुक्तलाई सुनसहित थप कारबाहीको लागि राजस्व अनुसन्धान कार्यालय, बुटवल पठाइएको छ ।

## अमरपथमा १४औं दीपावली महोत्सव




बुटवल । बुटवलको अमरपथमा १४औं दीपावली महोत्सव हुने भएको छ । अमरपथ टोल व्यवसायी समितिको आयोजनामा यही कार्तिक १५ देखि १७ गतेसम्म हुने अमरपथ दीपावली महोत्सवमा यस वर्ष दैउसी भैलो प्रतियोगिता आयोजना हुने भएको छ । लोक संस्कृतिको जर्गेना गर्ने र आधुनिक युगका युवाजमातमा नेपाली लोक संस्कृतिको वारेमा जानकारी गराउनका लागि दैउसी भैलो प्रतियोगिता समावेश गरिएको आयोजकले जनाएका छन् । यसका साथ महोत्सव अवधिमा हरेक सामानको खरीदमा ५ देखि २० प्रतिशतसम्म छुट दिने आयोजक संस्थाका अध्यक्ष राम कुमार रणपालले बताए ।

महोत्सवमा नेपाली संस्कृति र मौलिकता झल्कने नौमती वाजाको प्रस्तुती, फुड फेस्टीवल समेत गरिने आयोजक संस्थाका सचिव गकुल विश्वकर्माले जनाए ।

दीपावली महोत्सवबारे जानकारी गराउन मंगलबार आयोजित पत्रकार सम्मेलनमा यस वर्ष महोत्सव अवधीमा सवारी साधनको पाकिङका लागि पुरानो बुटवल फिल्मीहल रहेको जग्गामा व्यवस्था गरिएको आयाजकले बताएका छन् । महोत्सव सफल बनाउन बुटवल उप-महानगरपालिका, वडा नम्बर ४ र ५ र बुटवल उद्योग वाणिज्य संघ सहयोगीका रुपमा रहेको पनि आयोजकले बताएका छन् । पत्रकार सम्मेलनमा सहभागीहरुले बुटवलमा महँगो घर भाडाले गर्दा व्यवसाय समस्यामा परेको गुनासो समेत गरेका थिए । कार्यक्रममा सल्लाहकारहरु दीपक कुमार विश्वकर्मा, पुरन श्रेष्ठ, प्रकाश श्रेष्ठलगायतले बुटवलको अमरपथवासीले आयोजना गर्ने दीपावली महोत्सवलाई सफल बनाउन व्यवसायीहरुएक जुट भएर खटिएको धारणा राखेका थिए ।

दीपावली महोत्सवमा २ सय ५० बढी व्यवसायीहरुको सहभागिता रहने भएको छ ।

## राजेन्द्र लिङदेन आज देवदहको शंकरपुरमा




देवदह । रुपन्देहीको देवदह नगरपालिका-११, शंकरपुरमा किसानसँग राप्रपा नारासहित जनसभा हुने भएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी देवदह नगर समितिको आयोजनामा कात्तिक १४ गते दिउसो वृहत जनसभा हुने भएको हो । जनसभालाई पार्टीका केन्द्रीय अध्यक्ष राजेन्द्र लिङदेनले सम्वोधन गर्ने पार्टीले पत्रकार सम्मेलनको आयोजना गरी उक्त जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा बोल्दै पार्टीका सह-महामन्त्री ताहिर अलिले राज्यको गलत नीतिका कारण किसानहरुले समस्या भोग्न बाध्य भएकोले पार्टीले किसानसँग राप्रपा जनसभा गर्न लागेको जानकारी दिए ।

» बाँकी २ पेजमा

## एमाले सिद्धार्थनगरमा थापा विजयी



भैरहवा । नेकपा एमाले सिद्धार्थनगर नगरकमिटीको दोस्रो अधिवेशनमा नयाँ नेतृत्वका लागि भएको निर्वाचनमा अध्यक्ष पदमा चक्र बहादुर थापा विजयी भएका छन् ।

अध्यक्ष पदमा थापाले ८१ मत प्राप्त गरी विजयी भएका छन् भने अध्यक्षका अर्का अध्यक्षका प्रत्याशी थानेश्वर पौडेलले ७९ मत प्राप्त गरे । त्यसैगरी उपाध्यक्ष पदमा माया कंडेलले १ सय ४४ मत प्राप्त गरेर विजयी भइन भने उनका प्रतिस्पर्धी गोमलाल खदालले १६ मत प्राप्त गरे ।

» बाँकी २ पेजमा

## सुप्रिमका बचतकर्ताको चिन्ता :
# ८६ करोड कहिले पाउँछौं ?

**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवलको सुप्रिम सहकारीको बचत अपचलनबारे अनुसन्धान जारी छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार सहकारीका १८ सय ३१ जनाले आफूहरुको ८६ करोड बढी बचत अपचलन गरेको भन्दै प्रहरीमा उजुरी दिएका थिए । सहकारीका १० हजार ३ सय ९१ बचतकर्ताले जम्मा गरेको १ अर्ब ७ करोड रकममध्ये ८६ करोड १८ लाख २३ हजार अपचलन भएपछि अनुसन्धान प्रक्रिया अघि बढेको हो ।

प्रहरीले आफ्नो अनुसन्धान जारी राखेको छ, तर सहकारी पीडितहरुको मुख्य सरोकार आफ्नो बचत कहिले फिर्ता हुन्छ भन्नेमा छ । उनीहरु सरकारले अनुसन्धान गर्नु सकारात्मक पाटो भए पनि आफूहरुको वचत छिटो फिर्ता हुनुपर्ने आफूहरुको माग रहेको बताउँछन् ।

गत बैशाख ३ गते प्रहरीले सहकारीको रकम ठगी गर्ने २८ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । दुई हप्ता अघि पूर्व गृहमन्त्री तथा रास्वपा सभापति रवि लामिछाने, पूर्व डीआइजी छविलाल जोशीसहित १२ जनालाई जिल्ला अदालत रुपन्देहीबाट अनुसन्धानको लागि पक्राउ पुर्जी जारी गरेपछि पक्राउ पुर्जी जारी हुनेको संख्या ४० पुगेको छ ।

जोशीलाई पोखराबाट रुपन्देही ल्याएर १३ घण्टा बयान लिएर पोखरा नै फर्काइएको छ ।

२८ जना मध्ये ८ जना पक्राउ परेका छन् । जसमा २ जना कास्की र एक जना रुपन्देही कारागार रहेका छन् भने ५ जना धरौटीमा रिहा भएका छन् । जीबी राईसहित अन्य व्यक्तिहरू बैशाखदेखि फरार रहेका छन् । सहकारीको रकम विभिन्न व्यक्ति र कम्पनीका नाममा पठाउने मुख्य आरोपी पुर्व अध्यक्ष जीबी राई र बुटवलस्थित मुख्य कार्यालयका व्यवस्थापक सागर केसीसहित १९ जना फरार छन् ।

लामिछाने र जोशीसहित पछिल्लोपटक पक्राउ पुर्जी जारी हुनेमा रुपन्देहीका दीपक लामा, अनन्तबाबु राई (जीवी राईको भाइ), नरेश जिसी, शिवबहादुर गुरुङ, श्रीबल्लव नेपाल, विशाल तामाङ , रविना रिमाल, भगवती बमजन, विज्ञान राई, सुरक्षा अधिकारी रहेका छन् । प्रहरीले ती सबैलाई अनुसन्धानको लागि पक्राउ गरेर मुद्दा दायर गर्ने तयारी गरेको इलाका प्रहरी कार्यालय बुटवलमा डीएसपी विजय पण्डित बताउँछन् ।

सुप्रिम सहकारीमा बचत रकम डुब्नेहरुमा सार्वजनिक शौचालय सफा गर्ने, हातमा फलफूल लिएर बसमा चढेर बेच्ने, ठेलामा व्यवसाय गर्ने, साना तथा मझौला व्यवसाय गर्नेहरु छन् ।

'सरकारले अनुसन्धान गरेको छ, केही मान्छे पक्राउ गरेको छ, यो राम्रो हो तर हामीलाई मान्छे पक्राउ पर्नु र नपर्नुमा त्यति सारो चासो छैन, हाम्रो चिन्ता डुबेको बचत कहिले हात पर्छ भन्नेमा छ,' बुटवलका देवीलाल भट्टराईले भने-'छोरा छोरीको पढाई, बिहेबारी, दुःख बिमारमा काम लाग्ला भनेर खाई नखाई जम्मा गरेको ६५ लाख रकम डुबेको तीन वर्ष भयो, सरकारले कहिले फिर्ता गर्ने हो ? हामीलाई त्यो जवाफ चाहिएको छ ।'

अर्की पीडित चिना थापाले छोरालाई विदेश पठाउने उद्देश्यले व्यवसाय धितो राखेर लिएको ऋण र बैंकमा भएको रकम निकालेर ४५ लाख जम्मा गरेको रकम डुब्दा छोराको भविष्य अन्योलमा परेको र आफू डिप्रेसनको शिकार भएको गुनासो गरिन् ।

» बाँकी २ पेजमा

शुभ दीपावली तथा छठ
पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण वडाबासी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रामग्राम नगरपालिका ११ नं वडा कार्यालयको अनुरोध

- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

धनिराम यादव
वडा अध्यक्ष

रामग्राम नगरपालिका
वडा नं ११ को कार्यालय
नवलपरासी, ब.सु.प. लुम्बिनी प्रदेश, नेपाल

# नयाँ भूमि आयोगमा प्यूठानका रिजाल

बुटवल । सरकारले भूमि समस्या समाधान आयोग गठन गरेको छ। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने गरी नयाँ आयोग गठन भएको हो ।

प्यूठानका हरिप्रसाद रिजालको अध्यक्ष रहेको आयोगमा सनतकुमार कार्की, गुञ्जकुमार खड्का, अनिलकृष्ण प्रसाईँ, जगतबहादुर बस्नेत, टेकबहादुर शाह, गोबर्द्धन कोली र आरती भण्डारी सदस्य छन् । यसअघि आयोग गठनका लागि गठन आदेश समेत मन्त्रिपरिषद्बाट जारी भएको थियो । अब सोही आदेश अनुसार आयोगले काम गर्नेछ।

नेकपा एमालेसँग गठबन्धन गरेपछि ८ चैत २०८० मा तत्कालीन पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले कांग्रेस नेता केशव निरौला नेतृत्वको राष्ट्रिय भूमि आयोग खारेजीको निर्णय गरेको थियो ।

त्यतिबेला कांग्रेस निकट आयोग सदस्य टेकबहादुर शाह र गोवर्द्धन कोलीसहित जिल्ला अध्यक्षहरु सरकारको निर्णयविरुद्ध सर्वोच्चमा रिट लिएर गएका थिए ।

३० चैतमा सर्वोच्च अदालतका न्यायधीश आनन्दमोहन भट्टराई र विनोद शर्माको संयुक्त इजलासले नयाँ भूमि आयोग गठन नगर्न आदेश दिएपछि नयाँ आयोग गठन प्रक्रिया रोकिएको थियो ।

अदालतले अर्को भूमि आयोग वा जिल्ला समिति गठन नगर्न/नगराउनू र आयोग र समितिका स्रोत साधन, भौतिक सम्पत्ति र कागजातहरू सुरक्षित रूपमा यथास्थितिमा राख्न/राख्न लगाउन अन्तरिम आदश दिएको थियो ।

तर, कांग्रेस र एमाले गठबन्धनमा नयाँ सरकार गठन भएपछि राजनीतिक सहमतिका आधारमा अदालतमा दायर भएको मुद्दा फिर्ता लिइएको थियो ।

पछिल्लो समय हरेकजसो सरकारले भूमिसम्बन्धी आयोग खारेज गर्ने र आफ्नो अनुकूल बनाउने गर्दै आएको छ। अहिलेसम्म १८ वटा आयोग र समितिहरु बनिसकेको छ। अहिले गठन भएको १९ औं भूमि सम्बन्धी समस्या समाधान गर्ने आयोग/संयन्त्र हो ।

भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न भन्दै सरकारले गठन गरेका भूमिसम्बन्धी आयोगहरुको कामकाजमाथि विगतदेखि नै प्रश्न उठ्दै आएको छ ।

पछिल्लो पटक शेरबहादुर देउवा नेतृत्वको सरकारले देवी ज्ञवाली नेतृत्वको आयोग खारेज गरेर ३० भदौ २०७८ मा केशव निरौलाको अध्यक्षमा नयाँ आयोग बनाएको थियो ।

सो आयोगले १० लाख ३८ हजार भूमिहीन सुकुमबासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको निवेदन लिइसकेको थियो। ४ हजार ५८६ परिवारलाई लालपुर्जा वितरण गरिसकेको आयोग अपारदर्शी ढंगले जग्गा वितरण गर्न तयारी अवस्था थियो । अबको आयोगले सही आयोगको कामकाजलाई निरन्तरता दिनेछ।

यस्तो आयोगका पदाधिकारीमाथि राजनीतिक पहुँचका आधारमा सुकुमबासी समस्या समाधानका नाममा आर्थिक चलखेल गरेको आरोप लाग्ने गरेको छ ।

**राजेन्द्र...**

उनले किसानले उत्पादन गर्ने दूधको मूल्य राज्यले तोके पनि कृषकहरुलाई चाहिने दानाको व्यापारीहरुले मूल्य निर्धारण गर्दा किसानहरुले महंगोमा किन्न बाध्य भएको बताए । उनले देशको व्यवस्था र अवस्था परिवर्तन गर्न आवश्यक रहेकोमा जोड दिए। उनले नेकपा एमाले र नेपाली कांग्रेसको सरकारले संविधान संशोधनको कुरा गरे पनि अहिले सम्म कुनै पहल नगरेको बताउँदै सत्ताको लागि मात्र गठबन्धन गरेको आरोप लगाए।

उनले जनतालाई जगाउनको लागि पार्टीले विभिन्न कार्यक्रमहरु गर्दै आइहेको बताए । नेता अलिले पार्टीले अहिले संगठन विस्तारसँगै आमनागरिकलाई सचेत गराउँदै आइरहेको जनाए । राष्ट्रिय प्रजातन्त्र पार्टी देवदह नगर समितिका अध्यक्ष माधव रिमालको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य तोयानाथ लम्साललगायतले आ-आफ्ना भनाइ राखेका थिए।

**एमाले...**

उप सचिव पदमा सरोज ठकुरी १ सय ७ मत प्राप्त गरी विजयी भए भने रामदयाल गुप्ताले ५२ मत प्राप्त गरे।

सचिवमा उमेश थापा लाटो मगर निर्विरोध निर्वाचित भएका थिए भने उप सचिव (महिला) मा इन्दिरादेवी क्षेत्री निर्विरोध निर्वाचित भएको निर्वाचन संयोजक नरबहादुर घर्तीले जानकारी दिए । नेकपा एमाले सिद्धार्थनगरको नगर कमिटीमा ५७ सदस्यीय कमिटी निर्माण भएको घर्तीले बताए।

त्यसैगरी लेखा समिति अध्यक्षमा शेष नारायण भण्डारीको नेतृत्वमा ५ सदस्यीय कमिटी निर्विरोधरुपमा निर्वाचित भएका छन्।

नगर अधिवेशनमा १ सय ७० जना मतदाता थिए जम्मा १ सय ६१ जनाले मतदान गरेका थिए।

**८६ करोड...**

'ऋण धन गरेर जम्मा गरेको रकम डुब्दा रातमा निद्रा छैन, दिनमा भोक छैन, पैसा डुबेपछि घरबार बिग्रने अवस्था छ, कतिपय डिप्रेसनको शिकार बनेका छन्,' थापाले प्रश्न गर्दै भनिन्-'सरकारले बाढी पहिरो, भूकम्प जस्ता विपत्तिमा राहत रकम दिने, घर बनाइदिने जस्तै सहकारी पीडित यति ठूलो समस्यामा पर्दा पनि किन बोल्दैन ?

दलका नेताहरुले एउटै व्यक्तिलाई सरकारमा नहुँदा निर्दोष छ भन्ने, सरकारमा हुँदा कारबाही गर्ने गरेको देखिंदा सरकार पीडितको बचत फिर्ता गर्नेमा भन्दा आफ्नो स्वार्थ अनुसार राजनीतिको रोटी सेक्न लागेको हो कि भन्ने शंकाले बचत फिर्ता पाइदैन कि भन्ने चिन्ता लागेको थापाले तर्क गरिन्।

'आन्दोलन गरेर, मिडियामा बोलेर पनि बचत फिर्ता पाइन्छ भन्ने विश्वास लाग्न छाड्यो, म आफैं डिप्रेसनमा गइसकें,' थापाले भनिन्-'सरकारले जो जो माथि अनुसन्धान गर्ने हो गरोस्, तर हाम्रो बचत जसरी पनि फिर्ता गर्छौं भनेर सरकारले कहिले भन्ने हो ?'

'बैशाखदेखि हामी आन्दोलनमै छौं, हाम्रो बचत फिर्ताको लागि राजनीतिक दल, सांसद र मन्त्रीहरुलाई पनि जानकारी गरायौं, तर कुनै सुनुवाइ भएको छैन,' सुप्रिम सहकारी पीडित संघर्ष समितिका संयोजक विजय नेपालले भने-'हाम्रो मुख्य सरोकार सरकारबाट बचत फिर्ताको सुनिश्चितता हुनुपर्छ भन्ने हो, नभएसम्म चरणवद्ध आन्दोलन गर्छौं।'

मुख्य राजनीतिक दल र तिनका नेताहरु प्रतिपक्षमा हुँदा सहकारी पीडितका पक्षमा चर्का कुरा गर्ने तर सरकारमा गएपछि चुप लाग्ने परिपाटीले आफूहरु डुबेको रकम फिर्ता हुनेमा ढुक्क हुन नसकेको नेपालले आशंका गरे।

सहकारीका संस्थापक जीबी भन्ने गितेन्द्रबाबु राई फरार छन् भने अध्यक्ष ओमप्रकाश गुरुङ थुनामा छन् । पुर्व सचिव दीपेश कुमार पुन सहित ६ जना धरौटीमा रिहा भएका छन्।

बुटवलको सुप्रिम सहकारीबाट छविलाल जोशीका नाममा २ करोड ५० लाख रुपैयाँ र गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक एवं रास्वपा सभापति रवि लामिछानेका नाममा २ करोड रकम गएको अनुसन्धानमा देखिएको छ।

बुटवलको सुप्रिम सहकारीबाट १४ करोड २९ लाख ३६ हजार रुपैयाँ गोर्खा मिडियामा गएको सूर्य थापा नेतृत्वको संसदीय छानबिन विशेष समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ।

रुपन्देहीको सुप्रिम सहकारी ठगी प्रकरणमा इलाका प्रहरी कार्यालय, बुटवलले २ बैशाख २०८१ मै अनुसन्धान सकेर जिल्ला सरकारी वकिलको कार्यालयमा रायसहितको प्रतिवदेन बुझाएको थियो । प्रतिवेदनका आधारमा जिल्ला अदालत, रुपन्देहीमा २८ जनाविरुद्ध मुद्दा दर्ता भएको थियो।

१ हजार ८३१ जना बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार ७५४ रुपैयाँ अनियमितता भएको प्रकरणको मुद्दा अदालत लैजाँदा तत्कालीन गृहमन्त्री लामिछानेलाई भने जोगाइएको थियो।

अदालतसम्म पुगेको अनुसन्धान प्रतिवेदनमा लामिछानेको नाममा कुनै प्रक्रिया पूरा नगरी ऋण लगानी गरेको भनिएको छ । यद्यपि, अनुसन्धान अधिकृतहरुले ती रवि लामिछाने को हुन् भन्ने नखुलेकाले प्रतिवादी नबनाइएको जिकिर गरेका थिए।

रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक रन्जितसिंह राठौरले सुप्रिम सहकारी ठगी प्रकरणमा अनुसन्धान जारी रहेको र नयां जानकारी केही नभएको बताए । 'फरार रहेकाहरुको खोजी जारी छ, पक्राउ पुर्जी जारी भएकाहरुको बयान लिइन्छ,' राठौरले भने-'पुर्व गृहमन्त्री रवि लामिछानेको हकमा कास्कीमा अनुसन्धान जारी रहेकाले त्यहांको सकिएपछि के गर्ने भन्ने थाहा हुन्छ।'

## ऋण भुक्तानी गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

यस संस्थाबाट ऋण लिनु भएका तपशिल बमोजिम ऋणी सदस्यहरूले ऋण लिंदाको शर्त तथा भाखा बमोजिम तिर्नुपर्ने साँवा, व्याज तथा हर्जना समयमा नबुझाई पटक पटक मौखिक तथा लिखित तर ताकेता गर्दा समेत तिर्न बुझाउन नआउनु भएकोले यो सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफुले बुझाउनु पर्ने रकम तिर्न बुझाउन आउनु होला वा रकम तिरि बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु होला। अन्यथा संस्थाले सहकारी ऐन २०७४, सहकारी नियमावलि २०७५ को परिच्छेद ८ को दफा ३०, वालिङ नगरपालिकाको सहकारी ऐन २०७५ को परिच्छेद १४ को दफा ५८, र यस संस्थाको ऋण निति २०७३ बमोजिम ऋण तथा बाँकी बक्यौता असुल उपरका लागी कानूनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| क्र.स. | सदस्यता नं. | ऋणिको नाम थर बतन | धितोधनि तथा धितो सुरक्षणको विवरण | ऋणिको फोटो |
|---|---|---|---|---|
| १ | २२० | हुमकान्त सुवेदी<br>बाजे/ससुरा :शोभाखर सुवेदी<br>बाबु/पति :डिल्लीराम सुवेदी<br>ना.प्र.नं. :५६६४८ जारी<br>मितिः२०५६/११/११<br>जि.प्र.का :स्याङ्जा<br>ठेगानाःवालिङ-८,बिपिचोक | गोमता सुवेदी<br>बाजे/ससुरा : शोभाखर सुवेदी<br>बाबु/पति :डिल्लीराम सुवेदी<br>ना.प्र.नं. :११३५जारी<br>मितिः२०४४/१०/२२<br>साविकवालिङ वडा नं.३ स्थित कित्ता नं.४२० को क्षेत्रफल ०-११-२-० को जग्गातथा सो जग्गाले चर्चेको सर्म्पुण लिगापात समेत |  |

पदम राज रेग्मी
प्रबन्धक

श्री ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
वालिङ-६, मिर्दी, स्याङ्जा, फोन नं: ०६३-४४१६००, ४४१६४५

## सम्पादकीय

# पटकाको प्रयोग बन्द गरौं

तिहार पर्व नजिकिंदै जाँदा पटका पड्काउनेहरु बढेका छन् । पटका पड्काउँदा यसले पर्यावरणलाई असर गर्छ नै, पटकाले मान्छेको जीवनलाई समेत जोखिममा पारेको छ । पटका बालबालिकाले धेरै प्रयोग गर्ने भएकाले उनीहरु जोखिममा छन् । पटकाले गर्ने क्षतिबारे हेक्का नहुँदा कतिपय बालबालिकाको ज्यान समेत गएको छ। कतिपय घाइते भएका छन् । हरेक वर्ष आउने तिहारले उल्लास लिएर आउँछ, यो उल्लासमा रमाइलो गर्दा कतिपय विषयप्रति नजरअन्दाज गर्दा तिहारले विनाशको पीडा बोकाइरहेको छ।

नेपाल-भारतको खुला सीमाका राम्रा-नराम्रा दुवै पक्ष छन्। खुला सीमाले नागरिक तहको सम्बन्धलाई दरिलो बनाएको छ। खुला सीमालाई व्यवस्थापन गर्न दुवै देशका अधिकारीहरुको पहलकदमी नहुँदा अवैध कारोबार र ओसारपसार भइरहेका छन्, जसले सुरक्षा चुनौती बढाएको छ । खुला सीमाको दुरुपयोग गर्दै भइरहेका अवैध कारोबार रोक्ने काम सीमा सुरक्षा अधिकारीहरुको हो । अहिले रूपन्देहीमा अवैध कारोबार मौलाएको व्यवसायीहरुको गुनासो बढिरहेका बेला पटकाको अवैध ओसार पसार पनि स्वाभाविक रुपमा भएको छ । केही दिनयता लगातार बुटवल, भैरहवालगायत शहरी इलाकामा साँझमा पटका पड्किरहेका छन् । लगातारको पटकाको आवाजले समाज आतंकित भएको छ । ध्वनि प्रदुषण भएको छ। चर्को आवाज दिने पटकाको आवाजले मुटु लगायत दीर्घरोगीलाई असर पुगेको छ। पटका पड्काउनेलाई प्रहरीले नियन्त्रण गर्न सक्छ । कानुनले पटकाको प्रयोग र ओसारपसारगर्नेलाई कारबाहीको दायरामा ल्याउने अधिकार दिएको छ । पटका पड्काउनेलाई नियन्त्रण गर्न किन प्रहरी सक्रिय हुन सकिरहेको छैन ? शान्ति सुरक्षाको जिम्मेवारी लिएको प्रहरी पटकाको चर्को आवाजका सामु किन निरिह र मौन छ ? प्रहरीको मौनताले समाजले शान्ति सुरक्षाको अनुभूति गर्न सक्तैन।

प्रहरी नागरिकको साथी हो, भरोसा हो । नागरिकको साथ र भरोसा प्रहरीको मौनताले अवैध कारोबारीलाई बल पुग्छ। समाजमा अपराध र अराजकता बढ्छ । समाजमा अपराध नियन्त्रण गर्न र अराजकताबाट समाजलाई बचाउन कानुनको कार्यान्वयन गर्न सक्रियता बढाउँदा प्रहरीप्रति नागरिकको भरोसा बढ्ने हो । राज्य व्यवस्थाप्रति अपनत्व र विश्वास जाग्ने हो।

## Banganga Municipality Office

Office of Municipal Executive
Banganga, Kapilvastu
Lumbini Province, Nepal

## Invitation for OnlineBids

Date of publication: 2081-07-14

1.The Banganga Municipality Office invite eligible bidder for the contracts named below.

| S.No. | Contract Package No./Works | Bid Security Amount (Nrs.) | Fee for Bid Document | Estimated Amount Without VAT and Contigencies |
|---|---|---|---|---|
| 1 | 42/SQB/BMO/KAPIL/WORKS/81-82,Guruhawa Chowk Hudai Sano Thekahi Gaun Sadak, Ward 10 | 25,000 | 1,000 | 8,62,773.15 |
| 2 | 43/SQB/BMO/KAPIL/WORKS/81-82,Gangoliya Durga Mandir Dekhi New Vision Sadak Kalopatre, Ward 3 | 25,000 | 1,000 | 8,63,378.38 |
| 3 | 44/SQB/BMO/KAPIL/WORKS/81-82, Thakurapur Ganesh Mandir Dekhi Durga Mandir Sammako Adhuro Sadak Kalopatre, Ward 4 | 30,000 | 1,000 | 10,90,874.02 |
| 4 | 45/NCB/BMO/KAPIL/WORKS/81-82, Construction of First Floor of Laxmanghat Ma Vi, Ward 6 | 1,62,500 | 3,000 | 56,12,120.59 |
| 5 | 46/NCB/BMO/KAPIL/WORKS/81-82,Construction of Parking Area and site development in Banganga Municipality Office | 70,000 | 3,000 | 24,63,218.44 |
| 6 | Re40/SQB/BMO/KAPIL/WORKS/81-82, Jhunga Jane Sadak Dekhi Bal Jyoti School Jane Sadak Kalopatre, Ward 4 | 34,000 | 1,000 | 11,59,495.31 |
| 7 | Re41/SQB/BMO/KAPIL/WORKS/81-82, Adhuro Madhuban Bichlari Sadak Kalopatre, Ward 8 | 36,000 | 1,000 | 12,56,787.69 |

2. Interested bidders may obtainfurther information at Banganga Municipality office or may visit PPMO website www.bolpatra.gov.np/egpand Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only and deposit the cost of bidding document in the following specified bank from Rajaswa Portal (https://sutrarevenue.fcgo.gov.np)
**Name of the Bank: Agricultural Development Bank Ltd.,**
**Banking Branch Office: Jitpur 4 No,**
**Name of the Office: Banganga Municipality Office**
**Office Account no: 0415601617188014**
3. Any amendment in the tender notice will be posted in the notice board at office and PPMO's Web site www.bolpatra.gov.np/egp. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

## Siyari Rural Municipality

Office of the Rural Municipal Executive
Harniya , Rupandehi
Lumbini Province, Nepal

## Invitation for Online Bids

First Date of publication: 30-10-2024 (2081/07/14)

1. Siyari Rural Municipality Harnaiya, Rupandehi invites online bids Under E-Procurement system to the bidders for the Procurement of following works and Goodsunder National Competitive (NCB) and Sealed Quotation (SQ) bidding procedure :

| S.N | Invitation for Bid No. | Description of Work | Bid security amount NRS/ Validity Period | Estimated amount NRS (Exclusive of VAT and Contingencies) | Bid document fee NRs |
|---|---|---|---|---|---|
| 1 | 08/SQ/WORK/ SRM/2081-082 | Laxmangunjra Mohangunj Jodne Culvert Nirman,Siyari-06 | 25,000.00/ 75 days | 867,858.25 | 1,000.00 |
| 2 | 09/SQ/WORK/ SRM/2081-082 | Hiragunj to Baunnakoti P.C.C at Siyari07,Rupandehi. | 40,000.00/ 75 days | 1,301,670.64 | 1,000.00 |
| 3 | 10/SQ/WORK/ SRM/2081-082 | Sitapur Gaun Vitra PCC batoNirman,Siyari 03, Rupandehi | 25,000.00/ 75 days | 8,67,956.10 | 1,000.00 |
| 4 | 11/SQ/WORK/ SRM/2081-082 | ChhapiyaAsthaiPrahariChoukiagadi ShutterNirman | 40,000.00/ 75 days | 13,36,726.12 | 1,000.00 |
| 5 | 12/SQ/WORK/ SRM/2081-082 | Construction of Community Building at Chhapiya, Siyari 04 Rupandehi. | 5000.00/ 75 days | 17,72,833.19 | 1,000.00 |
| 6 | 13/SQ/WORK/ SRM/2081-082 | Upgrading of Krishi UpajHaatbazar at Siyari-05 | 40,000.00/ 75 days | 13,31,373.62 | 1,000.00 |
| 7 | 14/SQ/WORK/ SRM/2081-082 | Procurement of Supply and Delivery of Office Stationery Items at SiyariRuralMunicipality, | 5000.00/ 75 days | 17,69,684.00 | 1,000.00 |
| 8 | 15/NCB/WORK/ SRM/2081-082 | Construction of Drain FromBaghusariBazzar to Khunigaun Culvert and East side of Krishna mandir towards Chappiya Canal at Siyari 4 & 5 | 65000.00/ 120 days | 22,17,054.00 | 3,000.00 |
| 9 | 16/NCB/WORK /SRM/2081-082 | Kailashnagar Sadak Kalopatre at Siyari 01 Rupandehi. | 100000.00/ 120 days | 34,87,959.39 | 3,000.00 |
| 10 | 17/NCB/WORK/ SRM/2081-082 | Upgrading of Bethari Kutta - Banghusari Thana-Suddhodhan Road ( North of SiyariGa.Pa. Chhapiya Chowk). | 350000.00/ 120 days | 1,23,97,176.37 | 3,000.00 |
| 11 | 18/SQ/WORK/ SRM/2081-082 | Upgrading of Siyari Ward No -06 Office Building | 50000.00/ 75 days | 17,73,326.62 | 1,000.00 |

2. Eligible builders may obtain further information and inspect the bidding document at the office of Siyari rural municipality or may visit PPMO website www.bolpatra.gov.np/egp

# प्रसादका रूपमा मासु खाँदा ३५ जना बिरामी

अर्घाखाँची । अर्घाखाँचीको सन्धिखर्कमा प्रसादका रूपमा मासु खाँदा बिरामी हुनेको संख्या ३५ पुगेको छ। सन्धिखर्क नगरपालिका-१ तारामार्ग निवासी दीपक केसीले आइतबार देउराली पूजा लगाएका थिए। प्रसादका रूपमा मासु खाएर बिरामी हुनेको संख्या ३५ पुगेको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले बताए। मंगलबार बिहान थप सात जना उपचारका लागि अर्घाखाँची अस्पतालमा पुगेका छन्।

अस्पतालका प्रमुख डा. जगन्नाथ तिवारीले बिरामीहरूमा झाडापखाला, बान्ता, ज्वरो, शरीर दुख्ने लक्षण देखिएको बताए। उनीहरू सबैको अवस्था सामान्य छ। आइतबार रातिदेखि बिरामी परेका उनीहरू सोमबार दिउँसो उपचारका लागि अर्घाखाँची अस्पताल गएका थिए। 'फुड प्वाइजन'का कारण बिरामी परेको डा तिवारीको जानकारी दिए।

बिरामीमध्ये अहिले ३४ जनाको अर्घाखाँची अस्पताल सन्धिखर्कमा उपचार भइरहेको छ भने एक जनाको अर्घाखाँची हस्पिटल प्रालिमा उपचार भइरहेको प्रहरी प्रमुख मल्लले बताए। दुई जना उपचारपछि निको भएर घरमा फर्किएको र घटनाको अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

## Rurukshetra Rural Municipality

**Office Of The Rural Municipal Executive**
**Ghiubensi, Gulmi**
**Lumbini Province**

# Invitation for Bids

First Date of Publication: October 30, 2024(2081/07/14)

Office of Rurukshetra Rural Municipality, Ghiubensi, Gulmi invites only electronic bids for the following goods under Sealed Quotation(SQ).

| S. No | Contract No./IFB No. | Estimated amount (Exclusive of VAT) NRS | Name of the Project& Location | Price of bid Document NRS | Last Date of Bid Submission | Date and Time Bid Opening | Bid / Bid Security Validity Period | Bid Security NRS |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ORRM-G-SQ-22-081/82 | 15,17,893.57 | Procurement of Stationery Items | 1,000.00 | November 15, 2024 (2081/07/30) Before 12:00 hr | November 15,2024 (2081/07/30) At 13:00 hr | 45/ 75days | 50,000.00 |

